म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१४ अङ्क:- १४९ २०८० वैशाख १० गते आइतबार 23 April 2023, Sunday - पृष्ठ ४ मूल्य रू. ५/-

## बन्जारालाई हिरासतमा राख्न म्याद थप

हेटौंडाः बलात्कार गरेको अभियोगमा पक्राउ परेका ईन्द्रप्रसाद बन्जारा (रमेश) लाई ५ दिन प्रहरी हिरासतमै राख्न दोस्रो पटक म्याद थप भएको छ। बिहीबार जिल्ला अदालत मकवानपुरले बन्जारालाई थप ५ दिन हिरासतमै राखेर अनुसन्धान गर्न अनुमति दिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिनुभयो। गत आइतबार जिल्ला अदालत मकवानपुरले बञ्जारालाई ५ दिन प्रहरी हिरासतमा राख्न अनुमति दिएको थियो। बन्जारालाई सोमबारसम्म हिरासतमा राख्न अनुमति दिइएको हो। घटनाबारे अदालतले बयान लिइसकेको र अब मेडिकल रिपोर्ट आउन बाँकी रहेको प्रवक्ता कार्कीले बताउनुभयो। मकवानपुरमा पछिल्लो पटक जबरजस्तीकरणीका मुद्दा बढेको छ। शनिबार साँझसम्म जिल्ला प्रहरी कार्यालय मकवानपुरको हिरासतमा रहेका ७८ थुनुवामध्ये ८ जना जबरजस्ती करणी मुद्दाको रहेका छन्।




**विद्यालयमा स्वागत छः** हेटौंडा उपमहानगर क्षेत्रको एक विद्यालयमा आजदेखि पठनपाठन सुरु हुँदै गर्दा विद्यार्थीलाई नयाँ शैक्षिक वर्षको सुरुवातमा स्वागत गर्न बनाइएको आकर्षक डिजाइन। आज आइतबारबाट मकवानपुर जिल्लाका अधिकांश विद्यालयहरु सुचारु हुँदैछ। नयाँ शैक्षिकसत्रको पठनपाठन एकसाथ हुने अवस्था छैन। विद्यालयहरुले आफ्नो अनुकुलमा पठनपाठन सुचारु गर्ने गरेका छन्। आजबाट भने अधिकांश विद्यालयहरु सुचारु हुने अवस्था देखिन्छ।

## खेलकुद विकास समितिद्वारा खेलाडी सम्मानित

# मकवानपुरका ११ जना खेलाडीले राष्ट्रिय प्रतियोगिता खेल्ने



*खेलाडी सम्मानपछि सामूहिक तस्वीर खिचाउँदै।*

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशस्तरीय राष्ट्रपति रनिङ सिल्ड खेलकुद प्रतियोगितामा पदक विजेता खेलाडीलाई मकवानपुर जिल्ला खेलकुद समितिले सम्मान गरेको छ। शनिबार बिहान एक कार्यक्रमको आयोजना गरेर खेलकुद विकास समितिले सम्मान गरेको हो।

प्रदेशस्तरीय छनोट प्रतियोगितामा सहभागी खेलाडीमध्ये ११ जनाले राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाउन पाउने भएका छन्। प्रदेशस्तरीय छनोटमा मकवानपुर जिल्लाका खेलाडीले ६ वटा स्वर्ण पदक, ४ वटा रजत पदक र ६ वटा कास्य पदक गरी १६ वटा पदक हासिल गर्दै प्रतियोगितामा तेस्रो भएको छ।

जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वेश खड्गीको अध्यक्षता तथा हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मिना कुमारी लामाको प्रमुख आतिथ्यमा खेलाडी सम्मान कार्यक्रम भएको हो। नगर प्रमुख लामाले खेलाडीहरु अनुशासित र मर्यादित हुनुपर्ने सुझाव दिनुभयो। उहाँले खेलाडीको सुरक्षामा पनि जोड दिन खेलकुद विकास समितिलाई आग्रह गर्नुभयो। त्यस्तै उहाँले मकवानपुरमा बन्दै गरेको रंगशाला तीव्र गतिमा अघि बढाउन जोड दिनुपर्ने बताउनुभयो।

मकवानपुरबाट एथ्लेटिक्सबाट दिना गोपाली (दौड), आयुष नेगी (दौड), सुमन योञ्जन (ज्यावलिन थ्रो) र सुजन राई (दौड) गरी ४ जना चयन भएका छन्। यस्तै कवड्डी महिलामा निशवला बिष्ट र पुरुषमा निश्चल तामाङले राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाउने भएका छन् भने भलिबलमा श्रीशा लोप्चन, सबिन छुमी र पुजन गुरुङ चयन भएका छन्। तेक्वान्दोमा कबिन राई र सोनिमा श्रेठ गरी दुईजना चयन भएका छन्।

खेलाडी सम्मान कार्यक्रममा बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्य सचिव सूर्यलाल भण्डारीले राष्ट्रपति रनिङ सिल्डको राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाउने बागमती प्रदेशको टिमलाई बन्दप्रशिक्षणको व्यवस्था मिलाइएको जानकारी दिनुभयो। आइतबार देखि ५ दिनका लागि काडमाडौंमा बन्दप्रशिक्षणको व्यवस्था मिलाइएको उहाँले बताउनुभयो। बागमती प्रदेशबाट १ सय ११ जना खेलाडी सहभागी हुने भण्डारीले जानकारी दिनुभयो। खेलकुद विकास समितिका अध्यक्ष वेश खड्गीले सबैको साथ र सहयोगमा जिल्लाले बन्दप्रशिक्षणको व्यवस्था मिलाएको र त्यसको सकारात्मक नतीजा पनि हासिल भएको बताउनुभयो।

## सकियो हेटौंडा साहित्य महोत्सव

# विविध बहस, स्रष्टा सम्मान, कृति विमोचन, रचना वाचन



*मनु मञ्जीललाई सम्मान गरिँदै।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा साहित्य महोत्सव-२०८० सकिएको छ। शुक्रबार र शनिबार दुईदिन आयोजना गरिएको महोत्सवमा विविध विषयमा बहस, स्रष्टा सम्मान, कृति विमोचन तथा रचना वाचन गरिएको छ। साहित्य संगम मकवानपुरकी अध्यक्ष अनिता न्यौपानेको सभाध्यक्ष तथा नेपाल प्रज्ञा प्रतिष्ठानका अध्यक्ष भुपाल राईको प्रमुख आतिथ्यमा स्रष्टा सम्मान तथा कृति विमोचन कार्यक्रम भएको छ।

महोत्सवको दोस्रो दिन शनिबार मकवानपुर साहित्य श्री सम्मान-२०७९ बाट मकवानपुरका साहित्यकार/गीतकार शम्भु बास्कोटालाई प्रदान गरेको छ। बास्कोटालालाई १५ हजार ५ सय ५५ रुपैयाँसहित सम्मान गरिएको छ। २१ हजार १ सय ११ रुपैयाँसहित भैरव अर्याल स्मृति सम्मान-२०७९ सञ्जय साहलाई प्रदान गरिएको छ। साह रौतहटमा रहेर साहित्य लेखन, पत्रकारिता, व्यंग्य र बज्जिका भाषामा निरन्तर साधनारत हुनुहुन्छ।

अणकुमारी स्मृति साहित्य पुरस्कार ज्ञानदीप शिक्षा निकेतनकी उपासना थापालाई प्रदान गरिएको छ। थापालाई ५ हजार रुपैयाँसहित पुरस्कृत गरिएको हो। यसैगरी शेषजंग स्मृति कथा पुरस्कारबाट बालजागृति सेकेन्डरी बोडिङ स्कुलकी छात्रा कृषाङ्गी अर्याललाई पुरस्कृत गरिएको छ। अर्याललाई ५ हजार रुपैयाँसहित पुरस्कृत गरिएको छ। भेषनाथ अधिकारी स्मृति छन्द सम्मान कवि सुदेश सत्याललाई प्रदान गरिएको छ। सत्याललाई १५ हजार ५ सय ५५ रुपैयाँ राशिसहित सम्मान गरिएको हो। सुभद्रादेवी-मदन मुडभरी स्मृति सम्मान-२०७९ साहित्यकार पूर्णकला घिमिरेलाई प्रदान गरिएको छ। घिमिरेलाई १० हजार रुपैयाँसहित सम्मान गरिएको छ।

मंगलादेवी श्रेष्ठ स्मृति नारी सम्मान-२०७९ मकवानपुरकी स्रष्टा बिना थिङलाई प्रदान गरिएको छ। बिनालाई १० हजार रुपैयाँसहित सम्मान गरिएको हो। मुक्ति-तारा सम्मान-२०७९ सुत्रकथाकार श्यामकृष्ण ज्ञवाली (एसके निधन) लाई प्रदान गरिएको छ। एसकेलाई १० हजार रुपैयाँसहित सम्मान गरिएको हो। डम्बर पूर्णमाया स्मृति कविता सम्मान-२०७९ साहित्यकार मनु मञ्जिललाई प्रदान गरिएको छ। मञ्जिललाई २२ हजार २ सय २२ रुपैयाँ राशिसहित सम्मान गरिएको हो। साहित्य संगम मकवानपुर स्मृति कृति सम्मान-२०७९ कथासंग्रह अपरिचित अनुहारका लेखक तथा कथाकार महेश पौडेललाई प्रदान गरिएको छ। पौडेललाई २५ हजार रुपैयाँसहित सम्मान गरिएको हो। १० हजार राशीको रामहरि-देवु युवा सम्मान-२०७९ मकवानपुरका कवि छवि अनित्यलाई प्रदान गरिएको छ।

हेटौंडा-५ स्थित जिएस निकेतन विद्यालयका छात्र आदर्श पौडेलको पहिलो कृति "मेकिङ इट इजी" विमोचन गरिएको छ। १० कक्षामा अध्ययनरत पौडेलले १४ वर्षको उमेरमा कृति विमोचन गर्न सफल भएको छ। समिक्षक बलराम अधिकारीले तनावमुक्त तथा उर्वरा जीवन कसरी जिउने भन्ने विषयमा पौडेलले कृति तयार पारिएको बताउनुभयो। गीताको अनुशरण गर्दै आध्यात्मिक कसरी बन्नेबारे कृतिमा चर्चा गरिएको उहाँको भनाइ छ। जुन सिद्धान्तभन्दा व्यवहार महत्वपूर्ण रहेको कुरा दर्साएको बताउनुभयो।

यसैगरी बैंकिङ क्षेत्रबाट सेवानिवृत्त हुनुभएका सुदर्शन अधिकारीको दोस्रो कृति "बैंकिङ क्षेत्रमा बढेका पाइलाहरु" विमोचन गरिएको छ। वित्तीय क्षेत्रमा काम गर्न चाहने पाठकलाई मध्यनजर गर्दै कृति तयार पारिएको अधिकारीले जानकारी दिनुभयो। झरना साहित्यिक परिवार मकवानपुरका अध्यक्ष विश्वनाथ सञ्जेलले उक्त कृतिमाथि समिक्षा गर्नुभयो। २००९ सालमा काठमाडौंमा जन्मनुभएका अधिकारीले वित्तीय क्षेत्रमा ४५ वर्ष सेवा अनुभव लिइसकेको बताउनुभयो।

यस्तै महोत्सवमा "आख्यानले हिंडेको बाटो", "अनुवादः भाषाको मन छाम्ने प्रयत्न", "कविताहरुको क्षितिज कति साँघुरो, कति फराकिलो", "छन्दको सुगन्ध, कविताको इन्द्रेणी" जस्ता विषयमा वहस गरिएको छ। पहिलो दिन कार्यक्रमको उद्घाटन गर्दै माटोको कथा, कसरी बन्दै छ हेटौंडा, सिर्जनामा नयाँ पुस्ता, मुक्तक महक, वाह गजल जस्ता विषयमा बहस गरिएको थियो। यस्तै साहित्यमा शरीरको राजनीति कार्यपत्र प्रस्तुत गरिएको थियो।

# वन विज्ञानका प्राध्यापक-विद्यार्थीले जर्मनी र फिनल्याण्डसँग सहकार्य गर्ने




*इप्सा हेटौंडा सम्मेलनलाई सम्बोधन गर्नुहुँदै प्रा.डा. बलराम भट्ट।*

समाज संवाददाता

हेटौंडाः कृषि तथा वन विज्ञान विश्वविद्यालय अन्तर्गत हेटौंडास्थित वन विज्ञान संकायले आफ्ना प्राध्यापक-विद्यार्थीलाई जर्मनी र फिनल्याण्डका समकक्षीसँग सहकार्यको तयारी गरेको छ। वन संकायको कार्यालयले जर्मनी र फिनल्याण्डसँग सहकार्यका लागि आवश्यक तयारी गरिरहेको डीन प्राध्यापक डा. बलराम भट्टले जानकारी दिनुभएको छ।

अन्तर्राष्ट्रिय वन विद्यार्थी संघ (इप्सा) हेटौंडाको तीन दिने सम्मेलनको शनिबार हेटौंडामा उद्घाटन गर्नुहुँदै प्रा.डा. भट्टले प्राध्यापक विद्यार्थीको क्षमता विकास गर्नुका साथै अन्तर्राष्ट्रियस्तरमा विद्यार्थीलाई प्रतिस्पर्धी र गुणात्मक बनाउन सहकार्यको प्रयास भइरहेको जानकारी दिनुभयो। यस्तै वन संकायको नयाँ प्रशासनिक भवन निर्माणको कार्य छिट्टै सुरु हुने र नयाँ प्रशासनिक भवनपछि शैक्षिक क्रियाकलापको गुणस्तर अझ वृद्धि गर्न सकिने उहाँले बताउनुभयो। कृषि तथा वन विज्ञान विश्वविद्यालय स्थापना भई वन संकाय हेटौंडामा स्थापना भएदेखि नै त्रिविअन्तर्गतको वन विज्ञान अध्ययन संस्थानसँगको स्वामित्व विवाद व्यहोर्दै आएको वन संकायले एक वर्षअघि मात्रै शैक्षिक भवन निर्माण सम्पन्न गरेको छ। भौतिक पूर्वाधारको अभावमा प्रभावकारी शैक्षिक क्रियाकलापमा केही असहजता भइरहेको प्रा.डा. भट्ट बताउनुहुन्छ।

यसैबीच शनिबारबाट सुरु भएको सम्मेलन विभिन्न क्रियाकलाप गरी सोमबार सम्पन्न हुनेछ। शनिबार इप्सा हेटौंडाका अध्यक्ष अनिल सुवेदीको अध्यक्षता तथा कृषि तथा वन विज्ञान विश्वविद्यालयअन्तर्गत वन विज्ञान संकायका डीन प्राध्यापक डा. बलराम भट्टको प्रमुख आतिथ्यमा सम्मेलनको उद्घाटन कार्यक्रम भएको छ।

कार्यक्रममा सहभागीले विश्वविद्यालय तहको शिक्षा हासिल गरेका जनशक्तिले समाजमा योगदान गर्नुपर्ने धारणा राखेका थिए। शनिबारनै स्नातक तह अध्ययनरत विद्यार्थीका लागि अभिमुखीकरण कार्यक्रम भएको छ। मकवानपुरको मनहरी गाउँपालिकास्थित डिभिजन वन कार्यालय राप्तीका प्रमुख विष्णुप्रसाद आचार्यले वन विज्ञान विषयमा स्नातक तहको अध्ययन पुरा गरिसकेपछि के गर्ने भन्ने विषयमा विद्यार्थीहरुमाझ प्रस्तुत गर्नुभएको थियो। ३ दिने कार्यक्रमअन्तर्गत आइतबार वन प्रदर्शनी, इप्साको नयाँ समिति गठन हुनेछ भने सोमबार साँस्कृतिक साँझसँगै विविध खेलकुद र विद्यार्थीलाई उत्प्रेरित गर्ने, वन सम्बन्धी ज्ञान दिने जस्ता कार्य हुने अध्यक्ष सुवेदीले जानकारी दिनुभयो।

## सम्पादकीय

# टिकाउ र विकाउमा जोड

पछिल्ला केही वर्षदेखि सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण बढ्न थालेको छ । विगतका वर्षहरुमा विद्यार्थी बढाउन भर्ना अभियान चलाउने गरेको कतिपय सामुदायिक विद्यालयहरु अहिले छानेर विद्यार्थी भर्ना गर्न थालेका छन् । सामुदायिक विद्यालय भन्ने वित्तिकै नाक खुम्च्याउने अभिभावकहरु पनि राम्रो कहलिएका सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना गराउन भनसुन गर्न थालेका छन् । सामुदायिक विद्यालयमा भौतिक पूर्वाधारको विकाससँगै विद्यार्थीको नतिजा अब्बल हुन थालेपछि विद्यार्थी तथा अभिभावकको आकर्षण बढ्दै गएको छ । विद्यार्थीको आकर्षण बढेर क्षमताभन्दा बढी विद्यार्थी भर्ना हुन चाहेको भन्दै सामुदायिक विद्यालयले पनि विद्यार्थीको प्रवेश परीक्षा लिएर उत्कृष्ट विद्यार्थी भर्ना गर्न सक्षम भएका छन् । अन्य विद्यालयमा अब्बल नतिजा ल्याएका र विद्यालयले लिएको प्रवेश परीक्षामा उत्कृष्ट देखिएका सिमित विद्यार्थी भर्ना गरेपछि विद्यालयको सिकाई उपलब्धी राम्रो हुने र नतिजा थप सुधार हुने सम्भावना उत्तिकै रहन्छ । यसले यस्ता सामुदायिक विद्यालयलाई आगामी वर्षमा विद्यार्थी जुटाउन सहयोग पुग्नेछ ।

हेटौंडा उपमहानगरपालिकाका केही सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण वर्षेनि बढ्दै गएको छ । नगर क्षेत्रका सबैजसो सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर राम्रै भए पनि बढी विद्यार्थी संख्या भएका र तुलनात्मक नतिजा राम्रो रहेका विद्यालयमै विद्यार्थीको आकर्षण बढि देखिने गरेको छ । उपमहानगरपालिकाको आधुनिक, भूटनदेवी, सिद्धार्थ, बालज्योति, जनप्रियलगायत सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण अन्यको भन्दा बढी छ । नमुना विद्यालको रुपमा छनौट भएका, ठूलो विद्यालयको रुपमा छनौट भएका, प्राविधिक धारका विषयहरु सञ्चालन भइरहेका, भौतिक र आर्थिक स्रोत सम्पन्न भएका विद्यालयहरुमा विद्यार्थी तथा अभिभावकको आकर्षण हुनु स्वभाविक हो । सामुदायिक विद्यालयहरुले पनि निजी विद्यालयसँग प्रतिस्पर्धा गर्न अंग्रेजी माध्यममा पठनपाठन गराइरहेका कारण निजी विद्यालयका विद्यार्थीसमेत सामुदायिकमा आउने क्रम बढेको छ । विश्वविद्यालय तहमा विभिन्न प्राविधिक विषय अध्ययनका लागि नेपाल सरकारबाट छात्रवृत्तिलगायत सुविधा पाउन सामुदायिक विद्यालयमा पढेका विद्यार्थी हुनुपर्ने व्यवस्थाका कारण पनि विद्यार्थी र अभिभावक सामुदायिक विद्यालयप्रति आकर्षित भएका हुन् ।

सामुदायिक विद्यालयको नतिजामा सुधार, शैक्षिक गुणस्तरमा सुधार, दक्ष शिक्षकहरुको लागनशिलता तथा मिहिनेतले सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण बढेको मान्न सकिन्छ । प्रतिस्पर्धा र समावेशी वातावरण, आर्थिक भार कम, छात्रवृत्तिको व्यवस्थाका कारण स्वभाविकरुपमा सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण बढेको शिक्षकहरुको भनाई छ । स्थानीय सरकारको चासो, दिवा खाजाको व्यवस्था, मन्टेश्वरीको व्यवस्था, शैक्षिक गुणस्तरमा सुधारले पनि सामुदायिक विद्यालयप्रति विद्यार्थीको आकर्षण बढेको हुनसक्छ । यस्तै, सुविधा सम्पन्न भौतिक संरचना, प्राविधिक विषय, छात्रवृत्तिको व्यवस्था र आर्थिक मन्दीले पनि न्यून आर्थिक अवस्थाका अभिभावक निजी विद्यालय छाडेर सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना गराउन चाहिरहेका छन् ।

सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण बढ्नु सकारात्मक भए पनि यस्ता विद्यालयमा कक्षा दोहोर्‍याउने र बिचैमा पढाई छाड्ने विद्यार्थीको संख्या उल्लेख्य छ । सामुदायिक विद्यालयमा भर्ना भएका सबै विद्यार्थीको सिकाई स्तर वृद्धि र पढाइमा निरन्तरताका लागि विद्यालयहरुले विशेष ध्यान दिनुपर्ने देखिन्छ । सामुदायिक विद्यालयबाट शिक्षा पूरा गरेर विश्वविद्यालय तहमा प्रवेश गर्ने विद्यार्थी सजिलै बिक्ने पनि हुनुपर्छ । विद्यार्थीलाई शैक्षिक योग्यताको प्रमाणपत्रसँगै उनीहरुले विद्यालय तहमा आर्जन गर्नुपर्ने सबै प्रकारका ज्ञान, सीप र क्षमताको विकासमा सामुदायिक विद्यालयहरुले जोड दिनु आवश्यक छ । शैक्षिक सत्रको सुरुवातमा विद्यालय भर्ना गराउनमात्र नभई भर्ना भएका विद्यार्थीलाई शैक्षिक सत्रको अन्तिममा लिइने वार्षिक परीक्षासम्म टिकाउन र उनीहरुको शिक्षामा निरन्तरता कायम गर्न सकेमा सामुदायिक विद्यालयहरुको सफलता देखिनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : उचित समयमा निर्णय लिने समय छ । |
| वृष | : समय संघर्षकारक नै मान्नुपर्दछ । |
| मिथुन | : लाभ प्राप्त र नयाँ कामको थालनी होला । |
| कर्कट | : आफूभन्दा ठूलाबडाको सेवामा हात बढ्ला । |
| सिंह | : अरुको उपलब्धीबाट सन्तोष प्राप्त हुनेछ । |
| कन्या | : जोखिम र संकटले घेरेको समयको योग छ । |
| तुला | : प्रविधिका क्षेत्रमा खर्च बढ्ने समय योग छ । |
| वृश्चिक | : कार्य सम्पादनबाट अत्यधिक प्राप्त । |
| धनु | : गोपनिय ढंगबाट गरेका काममा सफलता प्राप्त । |
| मकर | : स्वास्थ्य स्थितिमा अचानक उतारचढाप आउला । |
| कुम्भ | : स्वास्थ्य समस्यामा क्रमश: सुधार होला । |
| मीन | : अचानक धन प्राप्ति हुने समय योग छ । |

# लोक कविको हराएको टाउको र ऐतिहासिक शहर भिमफेदीको पुरानो बिरासत





**देवप्रसाद श्रेष्ठ, सेवा निवृत्त शिक्षक**

२०१३ साल भन्दा अगाडीसम्म उपत्यका भित्रिने मोटर बाटो थिएन । रक्सौल, बिरगञ्ज हुन्दै अमलेखगञ्जसम्म रेलको बाटो र अमलेखगञ्जदेखि चुरियामाइको सानो सुरुङ छिचोल्दै भिमफेदीसम्म गाडीको यात्रा गरेपछि पैदलमार्ग हुँदै चिसापानीको डाँडा चढ्दै कुलेखानी मार्खु र चितलाङ हुँदै थानकोट पुगिन्थ्यो । त्यसैले भिमफेदी उपत्यका छिर्ने मूल नाकाको बजार थियो । यो चिसापानी ईलाका, मकवानपुर जिल्लाको पुरानो सदरमुकाम ज्यादै चल्तीफिर्तीको बजार थियो । गढिमा जिल्लाका बडा हाकिम बस्थे भने अड्डा, अदालत, जेल र सानो बजार पनि थियो । भिमफेदी बजारदेखि १ कोष दक्षिणमा उपत्यकाको लागि माल समान ढुवानी गर्ने रोपवे र खाद्य सामाग्री र अन्य बस्तुहरु भण्डारण गर्ने गोदाम घरहरु थिए । भिमफेदीमा राजा महाराजाहरु बस्ने दरवार, घोडा, गाडीहरु राख्ने तबेला ग्यारेज र सिकारमा चढने हात्ती बाँधने हात्तीसार थियो । सुपिङमा सैनिकहरु बस्ने ब्यारेकहरु थिए । पुर्ब, पक्षिम, दक्षिणका जनताहरु र भारतबाट समेत आउने यात्रुहरु रेल र गाडीबाट यहाँ आइपुगेपछी बास बस्ने र सुस्ताउने थलो हुनाले यो बजारमा निकै चहलपहल र भिड हुन्थ्यो । यात्रुलाई बास बस्न सानो ठुलो धर्मशालाहरु र पारि बजारमा एकदेब बैद्यले बनाएको ठुलो पौवा पनि थियो । बजारमा बास बस्ने र भात खाने होटेलहरु पनि थिए । बिच बजारमा चन्द्र शमशेरको पालामा बनेको श्रीचन्द्र हस्पिटल थियो । अनिकालमा अन्न भण्डार गर्ने ठुल्ठुला भकारी र धान गोदाम चेकपोस्ट थियो । उपत्यका पछीको निकै चहलपहलको बजार भएकोले २००४ सालमा यहाँ भिम शमशेरले भिम आधार स्कुल खोले । यो नै जिल्लाको पहिलो स्कुल हो । पछी यो स्कुल आधार हाइ स्कुल हुँदै २०१८ सालमा महेन्द्र हाइ स्कुलमा रुपान्तरण भएको हो । त्यतिबेला यो विद्यालयमा कपासबाट तकली र चर्खामा धागो बुन्ने अनि तानमा कपडा बुन्न सिकाइन्थ्यो । फुल बिरुवा रोप्ने बारीमा लगेर मकै भाच्न र छोडाउने लगायतका ब्यावहारिक ज्ञान दिइन्थ्यो । कक्षाको सरसफाइ बजार सफाइ र बाटो र टोलको सफाइबारे कार्यस्थल मै गएर काम गर्ने र प्रवचन दिन तालीम दिइन्थ्यो । हरेक शुक्रबार बालगोष्टि, वक्तब्य प्रतियोगिता हुन्थ्यो, नाचगान पनि गर्न लगाइन्थ्यो । बाहिरबाट घुम्दै आएका कवि, कलाकार प्रतिभावान ब्यक्तित्वहरुलाई बोलाएर प्रवचन दिने र उत्प्रेरित गराउने काम हुन्थ्यो । संस्कृत र नैतिक शिक्षा अनिवार्य पढ्न पर्थ्यो । यो आधार हाइ स्कुल भएको समयमा अर्थात २०१५/१६ साल सम्मको कुरा हो । त्यतिबेला यो ब्यावसायिक शिक्षा लिएर आठ कक्षा पास गर्नेलाई प्रबेशिका परिक्षाको मान्यता दिएको थियो । यहि बैशाख १८ गते बिद्यालयले ७५ वर्ष पार गरी ७६ वर्षमा पदार्पन गर्दैछ । हिरक जन्म दिनलाई अत्यन्त महत्वको दिन मानिन्छ । मैले यो विद्यालयमा ज्ञान आर्जन गरेको पनि ७० वर्ष भयछ ।

त्यसताका भिमफेदीको सांस्कृतिक, राजनैतिक, सामाजिक र आर्थिक अवस्था राम्रो थियो । उपत्यकामा हुने अधिकांश जात्राहरु यहाँ हुने गर्दथ्यो । हरेक वर्ष विद्यालय र बजारको संयोजनमा ख्याती प्राप्त लेखकहरुका नाटकहरु मंचन हुन्थ्यो ।

विश्वप्रशिद्ध लेखक गोर्कीको आमा, बालकृष्ण सम, भिमनिधि तिवारी, हृदयचन्द्र सिंह प्रधान, बिजय बहादुर मल्लहरुद्वारा लिखित नाटकहरु आजभन्दा ६० बर्ष अगाडी नै विद्यालयको प्राङ्गणमा मंचन भैसकेको थियो । मकवानपुरका पहिलो श्रस्टा लोक कवि गणेशलाल श्रेष्ठ, पुष्पनारायण मुल्मी, किताब शिं लामा, परशुराम दास श्रेष्ठ केशवदास श्रेष्ठ, शङरत्न तुलाधर, केदार श्रेष्ठ, आनन्दलाल श्रेष्ठ, धनलाल श्रेष्ठलगायतका ब्यक्तीहरु तात्कालिन समयका विविध विधाका कलाकारहरु हुनुहुन्थ्यो ।

विद्यालयको सानो कोठा बाल पुस्तकालयमा संचालन भएको पुस्तकालय ज्योती पुस्तकालयको नामबाट २०१० मा फ़ोहोरा दरबारको भब्य भवनमा स्थापित भएको यो नै जिल्लाको पहिलो पुस्तकालय हो । बौद्धिक ज्ञान केन्द्रको रूपमा भारतीय चीनिया र युरोपेली पत्रीकाहरु पनि हुलाकबाट आउँथ्यो । बुद्धिजिबि र राजनितिज्ञहरुको भेटघाट गर्ने थलो थियो । जहाँनिया राणाशासनविरुद्ध सहादत प्राप्त गर्नु हुने अमर शाहीदहरु गंगालाल श्रेष्ठ, शुक्रराज शास्त्री, दशरथचन्द्र, र वीर गणेशमान, बिपि कोइराला, कृष्ण प्रसाद भट्टराई, टंक प्रसाद आचार्य, के आइ सिंह, पुष्पलाल श्रेष्ठ, तुल्सीलाल अमात्यलगायतले यसै स्थानबाट भुमिगत रुपमा हिंडदुल गर्ने र कार्यक्रम बनाउने गरेका थिए । प्रजातन्त्र प्राप्ति पछी पनि भारतीय मिलेट्री मिसन हटाउन (त्यतिबेला देसभर भारतले १२ स्थानहरुमा भारतीय सैनिकहरु राखे अनुरुप सुपिङ ब्यारेकमा पनि भारतीय सेना तैनाथ गरेका थिए) गोर्खा भर्ती केन्द्र खारेज गर्न, संविधानसभाको माग गर्ने विविध आन्दोलनहरुमा यहाँका युवाहरु सक्रिय थिए ।

आर्थिक रुपमा त यो त्यतिबेला देशकै मुल प्रवेशद्वार भएकोले राजधानी भित्रीने खाद्य सामाग्री लगायत सम्पूर्ण सामाग्रीहरु रोपवे र भरिया लगाएर यँहीबाट ढुवानी हुन्थ्यो । भिमफेदी बजार हिंड्डुल गर्ने र सामान किनबेच गर्नेहरूको ठुलो बजार र चहलपहल थियो । त्यतिबेला यो बजार काठमाण्डैं पछीको मुख्य बजार पनि थियो ।

आर्थिक, सामाजिक, राजनैतिक रुपले सम्पन्न यस ठाँउको हावापानी र प्राकृतिक बातावरण सुन्दर र रमाइलो थियो ।

२०११ सालको बाढी र पहिरोले ठुलो नोक्सान गरेपछि यस भेगका मान्छेहरु जिबिकाको लागि खोरिया फाँडन हेटौंडा र यस वरपर पदमपोखरी, पानतले, सिक्रेनी, रातमाटेका गाउँबस्तीतर्फ लागे । भैसे थानकोट मोटर बाटो चल्न थालेपछि बजार बिस्तारै सुक्दै गयो । यो क्रम २०२० सालपछी ठुलो रफ्तारले सुक्दै गयो । जिल्लाको सदरमुकाम यहाँ हुन्जेल जिल्ला र अदालतको काममा केहि मात्रामा चहलपहल भए पनि २०३३/३४ तिर सदरमुकाम हेटौंडा सरेपछी भने यो एउटा सानो गाउँमा सिमित हुन पुग्यो । लोकतन्त्र र गणतन्त्रको पुनर्बाहाली पछि यस्मा अरु गाउँहरु पनि समेटेर पालिकामा रुपान्तरण भएपछि भने यसले आफ्नो स्वरुप फेर्दै गएको छ । स्थानीय निकायले यसको संरक्षण र ऐतिहासिक धरोहरलाई पुनर्निर्माण गर्न ठुलो मिहेनत गरेको छ । विशाल पालिका भवन बनाएको छ । उपत्यका पछी स्थापना भएको श्रीचन्द्र अस्पताललाई यसको मौलिकतालाई यथावत राख्दै पुनर्निर्माण गरेको छ । हात्तीसारको पुरातत्वलाई सरक्षण गर्दै रमणीय पार्क निर्माण गरेको छ । यहाँ देशमै ठुलो सुधार गृह (जेल) निर्माण भएको छ ।

ऐतिहासिक भवन भुकम्पले भत्केपछी राम्रो विद्यालय घर बनेको छ । १२ कक्षा सम्म चलेको यो विद्यालयमा ब्यवसायिक शिक्षाको पढाई भएको छ । पुराना ऐतिहासिक भवनहरु पूरा तत्वलाई संरक्षण गर्दै पुनर्निर्माण गर्ने पालिकाको योजना छ । पालिकाको हरेक गाउँ र बस्तीहरुको धेरै ठाँउहरुमा बाटो पुगिसकेको छ । चारैतिर सुन्दर प्राकृतिक डाँडाकाँडा पहाडले रमणीय बनाएको स्वच्छ र शुद्ध हावापानी भएको ऐतिहासिक धरोहर पुरानो बजार भिमफेदीमा यहि स्थानमा जन्मेका मकवानपुरका शिखर ब्यक्तित्व कवि कलाकार लोककवी गणेशलाल श्रेष्ठको प्रतिमाको गत वर्ष स्थापना गर्ने दिनको राती केहि बेजिम्मेवार उरन्ठेउला केटाहरुले चोरी गरि चिसापानी पुलको मुनि फ्याँकिदिएछ । जातीय विद्धेसको कारण यो नहुन सक्छ । किन भने उहाँ तामाङ भाषा पनि बोल्न र लेख्नु हुन्थ्यो भिमफेदीका पुराना लोक गायक सोम बहादुर लामा लोक कवि गणेशलालले तामाङ भासामा गीत लेख्ने र प्रहसन गर्ने सम्झनु हुन्छ । यसै स्थानका जेष्ठ नागरिक आइते शिं लामा गणेशलाल श्रेष्ठले मगरहरुको मारुनी नाच प्रस्तुत गरेको सम्झनु हुन्छ ।

यस्तो प्रतिभालाई चोरी गर्ने लुकाउनेलाई पुलिस प्रशासन न तिनीहरुलाई समातेर कारबाही गर्न सक्छ न कुनै नेता बुद्धिजिबिहरु अपराधीलाई डण्दीत गर्न चाहन्छ । बिडम्बना १ वर्षदेखि सम्मानित लोक कविको मूर्ति बेवारिसे बनेर पुलिस प्रशासनको कैदमा परेको छ । ऐतिहासिक धरोहरमा किन यस्तो भैरहेछ ? कसरी थाहा पाउने । के यस्तो क्रियाकलापले हाम्रा राजनैतिक दल र नेताहरूलाई जिम्मेवार बनाउला ?

श्रष्टालाई पुलिस कष्टडिको घेरामा राखेर हामीलाई किन किमकर्तव्यबिमुढ बनाइरहेछ । के यो घटनाले गरिमाको इतिहास बनाएको भिमफेदीको इज्जत प्रतिस्ठामा धब्बा लाग्दैन । त्यँही जन्मेका त्यहीँ हुर्केका त्यसै ठाँउबाट मकवानपुरको पहिलो लोक कविको मान्यता पाएका कविले मुत्यु पश्चात प्रतिमाको टाउकोसम्म राख्ने ठाँउ नपाउँदा बाहिरी संसारले के भन्लान ?

अन्त्यमा मकवानपुरको पुरानो र पहिलो पाठशाला महेन्द्र माविको यहि बैशाख १८ गते ७५ वर्ष हिरक वर्ष पार गरि ७६ मा पर्दार्पण गरिने भएकोले विद्यालयको उत्तारोत्तर उन्नतिको कामना गर्दछु ।

# विश्वमै बाँझोपनको समस्या किन बढिरहेको छ ?

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)का अनुसार विश्वमा हरेक ६ जनामा एक जनाले बाँझोपनको समस्या भोगिरहेका छन् । बाँझोपन कुनै महिला र पुरुषले १२ महिनासम्म कुनै गर्भनिरोधक साधनको प्रयोग नगरीकनै नियमित रुपमा यौन सम्पर्क गर्दा पनि गर्भ नरहने समस्या हो ।

डब्लुएचओको प्रतिवेदन अनुसार विश्वमा प्रजननशील उमेरका १५ प्रतिशत दम्पती बाँझोपनबाट प्रभावित छन् । प्रजनन उमेर भनेको १५ देखि ४९ वर्ष उमेर समूहका महिला हुन् ।

चिकित्सकहरुका अनुसार ४०-४५ वर्षको उमेरपछि पुरुषहरुमा शुक्रकीटको संख्यामा कमी आउन थाल्छ । त्यस्तै विश्व स्वास्थ्य संगठनका अनुसारमा भारतमा बाँझोपन ३.९ देखि १६.८ प्रतिशतसम्म छ । जुन अत्यधिक हो । डाक्टरहरुका अुनसार दम्पतीमा बाँझोपनको समस्या बढिरहेको छ, जसकारण दम्पतीले सामाजिक मात्र नभई आर्थिक असर पनि खप्नुपरेको छ ।



पहिले बाँझोपनलाई केवल महिलासँग मात्र जोडेर हेर्ने गरिन्थ्यो । तर पछिल्लो समय यसप्रति जागरुकता बढेको र जाँचका लागि पुरुषहरु समेत जाने क्रम बढेको छ । केही वर्षअघिसम्म बाँझोपनको समस्या लिएर उपचारका लागि यस्ता महिला मात्र अस्पताल पुग्थे, जसमा ट्युबल ब्लकेज अर्थात् पाठेघरको नली थुनिने वा क्षयरोगका कारण पाठेघर वा नलीमा संक्रमण भएर गर्भ नरहने समस्या धेरै हुन्थ्यो । त्यस्तै सानै उमेरमा असुरक्षित शारीरिक सम्पर्कका कारण क्लेमाइडिया तथा गोनोरिया जस्ता यौन संक्रामक रोग लागेर पनि युवतीहरु बाँझोपनको सिकार हुने जोखिम हुन्छ । पछिल्लो समयमा भने यस्तो परिस्थितिमा परिवर्तन आएको छ । पहिले महिलाहरु संक्रमणका कारण गर्भ नरहेको समस्या लिएर आउने गरेकोमा अहिले हार्मोनल असन्तुलनको समस्याले बाँझोपनको समस्या भोग्ने गरेका छन् ।

डाक्टरका अनुसार अहिले यस्ता महिलाको संख्या बढेको छ, जसमा पुअर ओभरियन रिजर्भ (पीएमसी)को समस्या हुन्छ । यस्तो समस्याले गर्दा महिलाको अण्डासयले राम्रोसँग काम गर्दैन र डिम्ब तयार हुनमा समस्या आउँछ । त्यस्तै पोलिसिस्टिक ओभरी सिन्ड्रोमबाट पीडित महिलाको संख्या पनि उल्लेख्य छ । यसमा महिलाको हर्मोनको सन्तुलन बिग्रिन्छ र अण्डासयमा सिस्ट अर्थात् फोका निस्किन्छ । यसले महिलाको महिनावारीमा असर पर्छ ।

यसका अलावा पुरुषहरु समेत बाँझोपनको समस्याका साथ जाँच तथा उपचारमा जाने क्रम बढिरहेको चिकित्सकहरुको सुझाव छ । वर्तमानमा अधिकांश युवाहरुले औसतमा ३० वर्षको उमेरमा बिहे गर्ने र त्यसपछि परिवार योजनाका लागि समेत केही समय लिने गर्छन् । करिअर, पारिवारिक जिम्मेवारी आदिजस्ता कारणले पहिलो बच्चा जन्माउने उमेर समेत घर्किंदै जाँदा कतिपय पुरुषमा गर्भाधान गराउन सक्ने क्षमतामा कमी आउने गर्छ ।

त्यस्तै पहिलो बच्चा जन्मिएपछि

...बाँकी पृष्ठ ३ मा



**घटना दर्ता गरौं**: बैशाख महिनाको पहिलो साता घटना दर्ता सप्ताहको रुपमा मनाउने क्रममा मकवानपुरको बागमती गाउँपालिकामा घटना दर्तासम्बन्धी सचेतनामूलक पोस्टर टाँस्दै एक व्यक्ति । मानिसको जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता घटना स्थानीय पञ्जीकाधिकारीकोमा दर्ता गराउन सरकारले आव्हान गरेको छ। घटना दर्ताको अभावमा मूलतः जनसांखिक अवस्थाका बारेमा यथार्थ विवरण नहुँदा वास्तविक योजना बनाउन समस्या हुने गरेको छ। अझ भन्ने हो भने यथार्थ योजना बनाउन, कार्यान्वयन गर्न घटना दर्ताको अवस्था दुरुस्त हुनु जरुरी छ । सरकारी निकायले नै घटना दर्तालाई प्रभावकारी बनाउन आवश्यक सहजीकरण गर्न नसकेको देखिन्छ ।

# लुम्बिनी प्रदेशस्तरीय बालसाहित्य उत्सव सम्पन्न

समाज संवाददाता

हेटौंडाः नवसर्जक साहित्य चौतारी नेपाल लुम्बिनी प्रदेश समितिले लुम्बिनी प्रदेशस्तरीय बाल साहित्य उत्सव गरेको छ । छन्द दिवस तथा नवसर्जक साहित्य चौतारीको प्रथम स्थापना दिवसका अवसरमा प्रथम बालसाहित्य उत्सव सम्पन्न भएको हो । उत्सवमा स्रष्टा सम्मान एवम् रचना वाचनसमेत गरिएको थियो ।

कार्यक्रममा प्रा.डा. कपिल लामिछाने, प्रा.डा. हिरण्यलाल ज्ञवाली, सहप्राध्यापक डा. गणेश पाण्डेय, डा. हिमलाल पन्थी, डा. प्रेमप्रसाद तिवारी, डा. नारायणप्रसाद पन्थ, युवा प्रतिभा सुलभ अधिकारी, बालप्रतिभा लक्ष्मी सुवेदी गरी आठ जनालाई सम्मान गरिएको थियो । कपिलवस्तु जिल्लाको वाणगंगामा सम्पन्न भएको कार्यक्रममा नवसर्जक साहित्य चौतारी, लुम्बिनी प्रदेश समितिकी अध्यक्ष जोशिका कँडेल 'निशा'को अध्यक्षता तथा राष्ट्रियसभा सदस्य विमला घिमिरेको प्रमुख आतिथ्य रहेको थियो ।

कार्यक्रममा साहित्यकार हरिप्रसाद घिमिरे, चौतारीका परिकल्पनाकार एवम् केन्द्रीय संरक्षक दीपक गौतम, संस्थाकी केन्द्रीय अध्यक्ष प्रसन्ना चौलागाईं, केन्द्रीय सल्लाहकारहरु ऋषिकेशव भारद्वाज, रमेशमोहन अधिकारी, जयन्ती आचार्य, साहित्यकारहरु जनार्दन खनाल, ऋषि आजाद विशिष्ट अतिथिका रुपमा रहनुभएको थियो । करिब एक सय ५० साहित्यकारहरुको उपस्थिति रहेको कार्यक्रममा बुद्धिसागर बेलबासे, यज्ञलाल सुवेदी, विद्या बेलबासे, कृष्णप्रसाद पाण्डे, सरु ज्ञवाली, सूर्य भुसाल, कृष्णप्रसाद भट्टराई, कमला खनाल कँडेल, प्रकाश भुसाललगायत दुई दर्जन स्रष्टाले रचना वाचन गर्नुभएको थियो ।

हेटौंडामा केन्द्रीय कार्यालय रही देशका सात वटै प्रदेशमा कार्यसमिति विस्तार गरेको चौतारीको केन्द्रीय समितिको समन्वयमा हरेक प्रदेशमा बालसाहित्य उत्सव सम्पन्न गर्ने योजना रहेको र सोहीअनुरुप लुम्बिनी प्रदेशले कार्यक्रम सम्पन्न गरेको चौतारीकी अध्यक्ष चौलागाईंले जानकारी दिनुभयो । आगामी दिनमा सबै प्रदेशमा कार्यक्रम गर्ने उहाँले बताउनुभयो ।

## श्री त्रिभुवन माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय)

हेटौंडा उपमहानगरपालिका–११, नवलपुर, मकवानपुर

*सूचना प्रकाशित मिति :२०८०/०१/०९ गते*

### आवेदनको म्याद थप गरिएको सम्बन्धमा

**क) विज्ञापनको**

प्रस्तुत विषयका सम्बन्धमा यस श्री त्रिभुवन माध्यमिक विद्यालय, हेटौंडा–११, मकवानपुरको मिति २०८० बैशाख ०२ गते बसेको विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार यस विद्यालयलाई शैक्षिक वर्ष २०८० का लागि आवश्यक पर्ने तपसीलका पदहरुमा एक वर्षे निजी करार नियुक्तिद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यताप्राप्त ईच्छुक नेपाली नागरिकले सूचना प्रकाशित भएको मितिः २०८०/०१/०३ ले ७ (सात) दिन भित्र आवश्यक कागजात सहित विद्यालयमा स्वःहस्तलिखित आवेदन दिन सम्बन्धित सबैको जानकारिका लागि सूचना प्रकाशित गरिएकोमा मिति २०८० बैशाख ०९ गतेको बैठकको निर्णय बमोजिम उक्त आवेदनको म्याद यही मिति २०८० बैशाख १७ गते आइतबार कार्यालय समयसम्म थप गरिएकोले सबैको जानकारिका लागि प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

**विज्ञापन गरिएको पद तथा संख्याः**

| सि.नं. | विज्ञापन गरिएको पद | संख्या | प्रकार | योग्यता |
|---|---|---|---|---|
| १ | शिक्षक (आधारभुत अंग्रेजी/विज्ञान) | अंग्रेजी–२, विज्ञान–१ | निजी १ वर्षे करार | न्यूनतम् +2 सम्बन्धित विषय |
| २ | बस चालक | १ | निजी १ वर्षे करार | न्यूनतम् कक्षा ८ उतीर्ण |
| ३ | बस सह–चालक/भान्सा सहयोगी | १ | निजी १ वर्षे करार | न्यूनतम् कक्षा ८ उतीर्ण |

**ख) सूची दर्ताको**

### सूची दर्ता सम्बन्धमा

प्रस्तुत विषयका सम्बन्धमा यस श्री त्रिभुवन माध्यमिक विद्यालय, हेटौंडा–११, मकवानपुरको मिति २०८० बैशाख ०२ गते बसेको विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार यस विद्यालयलाई शैक्षिक वर्ष २०८० मा आवश्यक पर्ने तपसीलका सेवा तथा सामग्रीहरु आपुर्ति गर्न ईच्छुक ईजाजतप्राप्त आपुर्तिकर्ता व्यक्ति वा फर्मले विद्यालयद्वारा सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आवश्यक कागजात सहित विद्यालयमा सूची दर्ताको लागि आवेदन दिन सम्बन्धित सबैको जानकारिका लागि सूचना प्रकाशित गरिएको व्यहोरा प्रकाशित गरिएकोमा मिति २०८० बैशाख ०९ गतेको बैठकको निर्णय बमोजिम उक्त आवेदनको म्याद यही मिति २०८० बैशाख १७ गते आइतबार कार्यालय समयसम्म थप गरिएकोले सबैको जानकारिका लागि यो सूचना प्रकाशित गरि एको व्यहोरा अनुरोध छ ।

**तपसीलः**

१) विद्यालय मसलन्द सामग्री, २) विद्युतीय सामग्री, ३) निर्माण सामग्री, ४) रङ्गरोगन तथा भित्तेलेखन, ५) खाद्यान्न (दिवा खाजाका लागि आवश्यक) तथा भान्साका सामान, ६) शैक्षिक सामग्री, ७) पुस्तकालय/प्रयोगशाला सम्बन्धी सामग्री, ८) खेलकुद सामग्री, ९) कम्प्युटर, फर्निचर, विद्युत, खानेपानीलगायत निर्माण तथा मर्मत सेवा, १०) सुरक्षा तथा अन्य अन्य जनशक्ति आपुर्ति सेवा, आदि ।

**नोटः-** विस्तृत जानकारिका लागि विद्यालय समयभित्र स्वयम् विद्यालयमा उपस्थित भई सम्पर्क गर्न सकिने छ ।

**नारायणप्रसाद भण्डारी**
**प्रधानाध्यापक**

# महिला कृषि समूहलाई गाई अनुदान



समाज संवाददाता

महिला कृषि समूहलाई गाई अनुदान

हेटौंडाः हेटौंडा–८ स्थित ओमनगरमा संयुक्त महिला कृषि समूहलाई वडा कार्यालयले उन्नत जातको गाई अनुदान दिएको छ । शनिबार एक कार्यक्रमका बीच वडाले ५ लाख रुपैयाँ बराबरको ७ वटा गाई कृषि समूहका सात जना महिलालाई वितरण गरेको वडा अध्यक्ष रामकृष्ण थापाले जानकारी दिनुभयो । कृषि समूहमा १२ जना महिला रहेकोमा ७ जनाले अनुदानको गाई लिएको उहाँले बताउनुभयो। समूहका महिलाहरुलाई आत्मनिर्भर बनाउन आयआर्जन बढाउने उद्देश्यले वडाले गाई वितरण गरेको उहाँको भनाई छ ।

## *विश्वमै बाँझोपनको...*

दोस्रो बच्चा जन्माउँदा धेरै वर्षको अन्तराल राख्दा समेत उमेरजन्य तथा अन्य धेरै कारणले गर्भ रहनमा समस्या आउने गरेको समेत पाइएको छ। यस्तोमा पुरुषले आफ्नो जाँच गर्नमा ढिलाइ गर्ने गरेको पाइन्छ । किनकि दोस्रो गर्भ नरहनुमा आफ्नो पनि कमजोरी रहेको हुनसक्ने अनुभूति गर्न पुरुषले समय लगाउँछन् ।

पछिल्लो समयमा पुरुषहरुमा बाँझोपनको समस्या बढिरहेको छ । शुक्रकीटको संख्यामा कमी आउनु, शुक्रकीटको संरचना तथा आकृतिमा परिवर्तन आउनु, शुक्रकीटको हिंड्ने क्षमतामा कमी आउनु, शुक्रकीट नष्ट हुनु जस्ता कारणले पुरुषमा बाँझोपन आउने गर्छ ।

यसैगरी हर्मोनको असन्तुलन, अस्तव्यस्त जीवनशैली, धुम्रपान तथा मदिरापान, प्रदूषण, फलफूल तथा सागपातबाट कीटनाशक औषधि शरीरमा प्रवेश गर्नुले पनि पछिल्लो समय बाँझोपनको समस्या बढिरहेको छ ।

विश्व स्वास्थ्य संगठनका अनुसार उच्च आय भएका देशमा १७.८ प्रतिशत प्रजनन् उमेरका व्यक्ति बाँझोपनको समस्याबाट ग्रसित छन् भने निम्न तथा मध्यम आय भएका देशमा यस्तो संख्या संख्या १६.५ प्रतिशत छ ।

अल्पविकसित देशका मानिसले आफ्नो आयको ठूलो हिस्सा बाँझोपनको उपचारमा खर्च गर्नुपरेको पनि डब्लुएचओले उल्लेख गरेको छ ।

बीबीसीबाट

भर्ना खुल्यो !! भर्ना खुल्यो !!
नयाँ वर्ष २०८० सालको उपलक्ष्यमा विद्यार्थी, अभिभावक, शिक्षक तथा समस्त शुभचिन्तकहरुमा हार्दिक मङ्गलमय शुभकामनासहित
शैक्षिक सत्र २०८० को लागि कक्षा नर्सरी देखि कक्षा ९ सम्म भर्ना खुलेको सहर्ष जानकारी गराउन चाहन्छौं ।
Entrance प्रवेश परिक्षा भइरहेको जानकारी गराउन चाहन्छौं।
आधारभूत तथा माध्यमिक तहको Entrance परिक्षा चैत २९ गते हुनेछ ।
पूर्व प्राथमिक तथा प्राथमिक तहको Entrance परिक्षा चैत ३० गते हुनेछ ।
Tulasi Mehar Memorial Secondary School
Hetauda-10
Contact no:057-520737, 9855071876

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी,
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

स्वादिष्ट नेवारी खाजा


अब होटल बासुकला (फास्टफुड) मा
() स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
() नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।
होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।
०५७-५२६०१३

RELIANCE
ENGLISH SECONDARY BOARDING SCHOOL
ठेगाना
हेटौंडा-५, सनोपोखारा


भर्ना खुल्यो!!
२०८०
नर्सरी देखि ९ सम्म

| कक्षा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
|---|---|---|---|---|---|---|---|---|---|
| सीट संख्या | ११ | ६ | १२ | ८ | १० | ७ | ९ | ८ | ३ |

थप जानकारीको लागि
९८०२५३९५७७ | ९८०२५३९५७३ | ९८०२५३९५७५

# राष्ट्रिय प्रतियोगितामा पनि स्वर्ण पदक जित्छु

मकवानपुरको थाहा नगरपालिकास्थित इअन इंग्लिस एकेडेमीमा ७ कक्षाको परीक्षा दिएर ८ कक्षामा उत्तीर्ण भएको नतीजा आउँदै गर्दा दिना गोपालीले प्रदेशस्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितामा मकवानपुर जिल्लाका लागि २ वटा स्वर्ण पदक दिलाइन् । दिनाले १०० र २०० मिटर दौडमा जिल्लाका लागि दुईवटा स्वर्ण पदक जितेकी हुन् । विद्यालयतस्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितामा सहभागिता जनाएको पहिलो पटकमै पालिका, जिल्ला, प्रदेश हुँदै राष्ट्रिय प्रतियोगितामा सहभागी हुन लागेकी गोपालीसँग समृद्ध समाज दैनिकका सम्पादक सुरेश श्रेष्ठले गर्नुभएको कुराकानीको सम्पादित अंश:



**दिना गोपाली**
**स्वर्ण पदक विजेता एथ्लेटिक्स खेलाडी**

समाज: प्रदेशस्तरीय छनौटमा स्वर्ण पदक जित्नुभयो, स्वर्ण पदक जित्दा कस्तो लाग्यो ?

**गोपाली**: स्वर्ण पदक जित्दा एकदम राम्रो लागेको थियो । प्रथम हुने भनेर त्यसैअनुसार पूरा तयारी गरेर गएकी थिएँ । प्रथम पनि भएँ । खुसी लागेको छ ।

समाज: पहिलोपटक सहभागी हुनुभयो । प्रतियोगितामा सहभागी हुने अवसर कसरी रह्यो ?

**गोपाली**: म सानैदेखि दौडमा सहभागी हुन्थैं । साथीहरुसँग खेल्थैं । योभन्दा अघिल्लो वर्ष पनि हामी भाग लिन जाने तयारी गरेका थियौं तर त्यो बेला सरले हामीलाई लग्नुभएन । मैले हन्ड्रेड ईन्टु फोरमा पनि जाने भनेकी थिएँ । हामीलाई सरले साथीहरुबीच रनिङ गराउनुभयो । त्यसपछि सरले मलाई जाउ भन्नुभएको थियो ।

समाज: राष्ट्रिय प्रतियोगिताको क्लोज क्याम्प भोलि (आइतबार) बाट शुरु हुँदै छ, कस्तो लागिरहेको छ ?

**गोपाली**: राष्ट्रिय प्रतियोगितामा पनि स्वर्ण पदक जित्छु भन्ने लागिरहेको छ ।

समाज: यो सँगै अरु प्रतियोगिता बाहेक अरु खुला प्रतियोगितामा पनि सहभागी हुन्छु भन्ने चाँहि कतिको लागिरहेको छ ?

**गोपाली**: सकेसम्म सबै प्रतियोगितामा सहभागी हुन्छु जस्तो लागिरहेको छ ।

# अंगारेश्वर खानेपानीको साधारणसभा सम्पन्न

समाज संवाददाता

हेटौंडा: हेटौंडा उपमहानगरपालिका–१७, हटियाको ठुलोगंगटेमा रहेको अंगारेश्वर खानेपानी तथा सरसफाई उपभोक्त समितिको ११ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ। अंगारेश्वर खानेपानी तथा सरसफाई उपभोक्त समितिका अध्यक्ष धर्मराज अर्यालको अध्यक्षता तथा बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जमकट्टेलको प्रमुख आतिथ्यमा शनिबार साधारणसभा भएको हो।

कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री जमकट्टेलले आफू आर्थिक मन्त्री रहँदा प्रदेशमा खानेपानी र सिंचाइको लागि प्रशस्त बजेट विनियोजन गरेको बताउनुभयो । चालु आर्थिक वर्षका लागि हेटौंडा खानेपानी व्यवस्थापन बोर्डलाई २ करोड ८७ लाख बजेट खानेपानीको लागि छुट्याएको उहाँले जानकारी दिनुभयो। खानेपानी र सिंचाईका लागि मन्त्रालयले प्रशस्त बजेट दिन सक्ने भएकाले योजना बनाएर काम गर्न उहाँले आग्रह गर्नुभयो ।

खानेपानीको लागि मन्त्रालयमार्फत् बजेट वितरण गर्न आफू सधैं तत्पर रहेको उहाँको भनाई छ। अहिले प्रदेश सरकारले कृषि क्षेत्रमा व्यक्तिलाई अनुदान दिन बन्द गरेको र समाजमा रहेको समूहलाई अनुदान दिने गरेको उहाँले जानकारी दिनुभयो । एउटा व्यक्तिलाई अनुदान दिंदा कागजी खेती, कागजी पशुपालन हुने र प्रदेशमा आयआर्जनको पाटो नभएकाले व्यक्तिलाई अनुदान दिन रोक लगाएको उहाँले जानकारी दिनुभयो।

प्रदेशभित्र २–४ जनालाई विकास नभई २–४ हजार जनासम्म विकासको योजना पुऱ्याउने आफ्नो लक्ष्य रहेको उहाँको भनाई छ । अहिले प्रदेशले स्थानअनुसार उत्पादन हुने बाली पहिचान गरी पकेट योजनाको निर्माण गर्न प्रोत्साहन गर्ने भन्दै विकासको काममा प्रदेश सरकार पछि नहट्ने बताउनुभयो।

कार्यक्रममा बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामीले यस क्षेत्रको खानेपानीका लागि आफूले सक्दो सहयोग गरेको भन्दै खानेपानीलाई निरन्तरता दिने बताउनुभयो। पुलामीले उपभोक्ता समितिले खानेपानी मुहानलाई निरन्तरता दिन हरियालीपूर्ण स्वच्छ वातावरण बनाएर राख्नुपर्नेमा जोड दिनुभयो । यस क्षेत्रमा केही उपभोक्तले महशुल महंगो भएको भनेकोमा पछिल्ला दिनहरुमा घटाउँदै जान सकिनेमा जोड दिनुभयो।

यस क्षेत्रमा खेतीयोग्य जमिन भएकाले खानेपानीलाई सिंचाइमा प्रयोग नगर्न आग्रह गर्दै खानेपानी खानका लागि प्रयोग गर्नुपर्ने र सिंचाईको लागि अन्य योजना ल्याउन सकिने उहाँको भनाई छ। हिजोको दिनमा चुनावको मुखमा नेताहरुले विभिन्न आश्वासन दिए पनि अहिले मुख देखाउन नआएको बताउँदै अहिले विकासे पार्टीको नाममा हिँड्न आवश्यक रहेको उहाँको भनाई छ।

२०५९ सालमा स्थापना भएको अंगारेश्वर खानेपानी उपभोक्ता समूहले अहिले दैनिक १५ लाख लिटर पानी उपभोक्तालाई वितरण गर्दै आएको छ। उपभोक्ता समितिमार्फत् हेटौंडाको १६, १७ र १८ नम्बर वडामा ९१४ वटा धारा जडान भएको छ। हेटौंडा उपमहानगर पालिकाले हेटौंडा खानेपानी व्यवस्थापन बोर्डमा आबद्ध भएकाहरुलाई १० हजार लिटर पानी निःशुल्क दिने गरेको तर गाउँका उपभोक्त समितिले सञ्चालन गरेको पानीको धारामा सहुलियत नगरेको गुनासो उपभोक्ता समितिका सदस्यहरुले गरेका छन्।

## दुर्घटनामा २ जनाको मृत्यु

# खोल्सीमा डुबेर एक जनाको मृत्यु

समाज संवाददाता

हेटौंडा: शुक्रबार चितवन र काभ्रेमा सवारी दुर्घटनामा परी २ जनाको मृत्यु भएको छ भने सिन्धुलीमा एकजनाको खोल्सीमा डुबेर मृत्यु भएको छ। चितवन जिल्लाको भरतपुर महानगरपालिका-१० चौबिसकोठीमा सवारी दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ। मृत्यु हुनेमा भरतपुर-९ बसन्तचोकका ६८ वर्षीय महेन्द्र प्रसाद पौडेल रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ।

शुक्रबार बिहान ९ बजेर ३० मिनेटको समयमा हाकिमचोकबाट चौबिसकोठी आउँदै गरेको बा २ क ८३४९ नम्बरको मिक्सचरले बाटो क्रस गर्न लागेको प्रदेश ३-०३-००२ प ३७७० नम्बरको स्कुटरलाई ठक्कर दिँदा पौडेल गम्भिर घाईते भएका थिए । घाईते पौडेललाई उपचारका लागि नयाँ मेडिकल कलेज भरतपुर लगिएकोमा बिहान ९ बजेर ३५ मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जनाएको छ। मिक्सचर र चालक प्रहरीले नियन्त्रणमा लिएको छ।

यस्तै, काभ्रे जिल्लाको बनेपा नगर पालिका-६, बुडोलडाँडामा सवारी दुर्घटना हुँदा एकजना वृद्धको मृत्यु भएको छ भने एक बालक घाईते भएका छन् । मृत्यु हुनेमा सोही ठाउँ बस्ने ७२ वर्षीय मिश्रदेव थपलिया रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ। शुक्रबार साँझ ६ बजेर २० मिनेटको समयमा धुलिखेलबाट बनेपा आउँदै गरेको बा प्र ०२-०३० प ३३११ नम्बरको मोटरसाइकलले पैदलयात्री मिश्रदेव थपलिया र उहाँको २ वर्षीय नाती कृष्ण मोहन थपलियालाई ठक्कर दिँदा गम्भिर घाईते भएका थिए। घाईते दुवै जनालाई उपचारका लागि धुलिखेल अस्पताल लगिएकोमा उपचारको क्रममा साँझ ८ बजेको समयमा मिश्रदेव थपलियाको मृत्यु भएको प्रहरीले जनाएको छ। बालककृष्ण मोहनको उपचार भइरहेको छ । मोटरसाइकल नियन्त्रणमा लिइएको चालक फरार रहेकोले खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ।

यस्तै, सिन्धुली जिल्लाको गढी गाउँपालिका-१ बुधनेटोलमा खोल्सीमा डुबेर एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा सोहि स्थान बस्ने २९ वर्षीया सीतामाया भोलन रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । शुक्रबार भोलन खोल्सीमा डुबेर मृत अवस्थामा मृत फेला परेकी थिइन् । आफन्तका अनुसार भोलन लामो समयदेखि छारे रोगको बिरामी रहेको बुझिएको छ । शव मुचुल्का पश्चात पोष्टमार्टमका लागि जिल्ला अस्पताल लगिएको प्रहरीले जनाएको छ।

# गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारी पदमुक्त

पोखरा: गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारी पदमुक्त भएका छन्। गण्डकी प्रदेशसभामा उनले विश्वासको मत माग्दा ६० प्रदेशसभा सदस्यमध्ये उनको पक्षमा २४ जना मात्र रहे । विश्वासको मत पाउन कम्तीमा ३१ सांसदको समर्थन जुटाउनुपर्नेमा अधिकारीले एमाले र राप्रपाका सांसदको गरी २४ मत मात्र पाए।

नेकपा एमाले, नेकपा माओवादी केन्द्र र राप्रपाका सांसदको समर्थनमा २५ पुसमा मुख्यमन्त्री बनेका अधिकारी करिब साढे ३ महिना पदमा रहे।

मुख्यमन्त्री अधिकारीको विश्वासको मतको विपक्षमा ३५ मत खसेको छ । नेपाली कांग्रेसका २७, माओवादी केन्द्रका ७ र हालै नेकपा एकीकृत प्रवेश गरेका राजीव गुरुङ अर्थात् दिपक मनाङेले अधिकारीलाई मत दिएनन्।

सत्ता सारथि नेकपा माओवादी केन्द्रले चैतको १० गते अधिकारीलाई दिएको समर्थन फिर्ता लिंदै सरकारबाट बाहिरिएको थियो । माओवादी केन्द्रले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री अधिकारीले प्रदेशसभामा विश्वासको मत लिनुपर्ने संवैधानिक बाध्यता उत्पन्न भएको थियो। स्रोत: अनलाइनखबर।

# सेती प्रादेशिक अस्पतालमा पहिलो पटक मिर्गौलाको शल्यक्रिया

धनगढी: सेती प्रादेशिक अस्पतालमा सुदूरपश्चिममै पहिलो पटक दुरविन विधिबाट मिर्गौलाको शल्यक्रिया गरिएको छ । प्रादेशिक अस्पतालले कैलालीको पवेरा बस्ने ४९ वर्षीया महिलाको ल्याप्रोस्कोपिक विधिबाट मिर्गौलाको शल्यक्रिया गरिएको जनाएको छ।

काठमाडौंको बीर अस्पतालबाट आएका डाक्टर सुरेन्द्र बस्नेत नेतृत्वको टिमले बुधबार प्रादेशिक अस्पतालमा ती महिलाको मिर्गौलाको शल्यक्रिया गरेको हो । 'पत्थरीका कारण उहाँको वायाँ किड्नीले काम गर्न छाडेको अवस्था थियो। हामीले दुरविन पद्धतीबाट त्यो किड्नीलाई बाहिर निकालेका हौं,' डा. बस्नेतले भने, 'यो सुदूरपश्चिम प्रदेशमै पहिलो पटक भएको शल्यक्रिया हो। अहिलेसम्म यहाँका कुनै अस्पतालले गरेको छैन।'

शल्यक्रियामा डा. बस्नेतसँगै डाक्टर जोनस तिवारी, डा.कपिल गौतम, डा.दिपेश श्रेष्ठ र क्षितिज विक्रम तथा नर्सिङतर्फ सनिता कोइराला, पबिता बोहरा,लक्ष्मी उपाध्याय, जानकी पाण्डे, लालु डगौरा र रमैया चौधरी पनि संलग्न थिए।

ल्याप्रोस्कोपिक सर्जरीले रक्तश्राव कम हुने, बिरामी चाँडै सन्चो हुने, शरीरमा सानो दाग हुने, इन्फेक्सन कम हुने र धेरै दिन अस्पतालमा भर्ना भएर बस्न नपर्ने डाक्टर बस्नेत बताउँछन्।

प्रादेशिक अस्पतालले युरोलोजी सम्बन्धीका अन्य शल्यक्रिया सेवा पनि चाँडै सञ्चालनमा ल्याउने तयारी भइरहेको जनाएको छ।

*(स्रोत: अनलाईनखबर)*


## आगो लागि हुन नदिन चनाखो बनौं

**आगलागिबाट बच्न,**

- खाना पकाई सकेपछि आगो, ग्यास चुल्हो, स्टोभ वा हिटर निभाऔं।
- सिलिण्डरको रेगुलेटर, पाईप वा चुल्होबाट ग्यास लिक भए नभएको यकिन गरौं।
- ग्यासको गन्ध आए बेवास्ता नगरौं ।
- सलाई, लाईटर बालबालिकाले भेट्टाउने ठाउँमा नराखौं ।
- दाउरा बालेर खाना पकाईसकेपछि पानी छ्यापेर आगो निभाऔं।
- चुरोट तमाखु, चिलिम, सुल्पा नखाऔं । खाएमा आगो राम्ररी निभाऔं।

बिजुलिका तार प्लग, स्वीच वा वायरिङ्गहरु ठीक अवस्थामा भए नभएको जाँच गरौं ।

- घरवस्ती पोखरी, ट्यांकी वा अरु कुनै तरिकाले पानीको जोहो गरिराखौं ।

**आगलागीजन्य विपदबाट बच्न चनाखो बनौं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**






**शैक्षिक सत्र २०८० का लागि**
**नर्सरीदेखि कक्षा ९ सम्म**

भर्ना खुल्यो




विद्यार्थीमैत्री शिक्षा प्रदान गरिने, विद्यार्थीको सर्वाङ्गिण विकास हुने उपयुक्त वातावरण रहेको जानकारीसहित सम्पूर्ण अभिभावकमा निश्चिन्त भएर आफ्ना बाबुनानीलाई भर्ना गराउनुहुन अनुरोध गरिन्छ ।

**ज्ञानोदय बालबाटिका आवासीय मावि**
हेटौंडा-५, पिप्ले
९८५५०६८९४०/९८०१०२९२०५



**के तपाई पौडी सिक्न चाहनुहुन्छ ?**

**सहभागी हुन सक्ने उमेर:**
७ बर्ष भन्दा माथी
**समय:**
विहान: ८:00 बजे देखि ११: 00 बजेसम्म
दिउँसो: २:00 बजेदेखि ५: बजेसम्म



**थप जानकारीको लगि सम्पर्क:**
HETAUDA FUTSAL AND SPORTS CENTER
BHUWAN SINGH PATH, KAMALDANDA, HETAUDA
CONTACT NO. 9845700596, 057-523533


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ